कार्यपालिकाबाट पारित मिति २०८० श्रावण ४ गते



# सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या:४/१ मिति:२०८०।०४।०४

भाग:२

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## सिम्ता गाउँपालिका प्राविधिक कर्मचारीफिल्ड सुविधा सम्वन्धी कार्यविधी,२०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता गाउँपालिका प्राविधिक कर्मचारीफिल्ड सुविधा सम्वन्धी कार्यविधी,२०८०जारी गरेको छ।

सिम्ता गाउँपालिका मुद्रित

कार्यपालिकाबाट पारित मिति २०८० श्रावण ४ गते

# सिम्ता गाउँपालिका

# प्राविधिक कर्मचारीफिल्ड सुविधा सम्वन्धी

सिम्ता गाउँपालिका सुर्खेत

## कार्यविधि, २०८०

**सिम्ता गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**राकम,सुर्खेत**

# सिम्ता गाउँपालिका
# प्राविधिक कर्मचारीफिल्ड सुविधा सम्वन्धी कार्यविधी,२०८०

**प्रस्तावनाः**

सिम्तागाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्नवान्छनिय भएकोले**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरीप्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐनको दफा ४बमोजिम कार्यपालिकाले सिम्ता गाउँकार्यपालिकाले यो**प्राविधिक कर्मचारी फील्ड सुविधा सम्वन्धी कार्यविधी, २०८०**जारी गरेको छ।

## १.संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधीको नाम "**प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्वन्धी कार्यविधी,२०८०**" रहेको छ ।

ख) यो कार्यविधीगाउँकार्यपालिकाबाटस्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २.परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) "**अनुगमन समिति**"भन्नाले गाउँकार्यपालिकाले गठन गरेको अनुगमन समिति सम्झनु पर्दछ ।

ख)**योजना** भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नुपर्नेछ।

ग)"**कार्यालय**"भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ)"**समिति**"भन्नाले उपभोक्ता समिती सम्झनु पर्दछ ।

ङ)**प्राविधिक कर्मचारी** भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारीर सोको सुपरीवेक्षण गर्नेप्राविधिक कर्मचारी समेतलाइ सम्झनुपर्दछ।

च)**अधिकृतस्तर** भन्नाले राजपत्राङ्कित तृतीय श्रेणी र अधिकृतस्तर छैटौं तथा सहायकस्तर भन्नाले राजपत्रअनंकित कर्मचारीलाई बुझ्नुपर्नेछ।

## ३. फिल्ड आदेश स्वीकृत गर्नुपर्नेः

यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्न, रनिङबिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादनस्तर जाँच गर्न वा नापी किताव तयार पार्न वा कार्यसम्पन्नप्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भै सकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्ने भएमा सो को अगावै अनुसूची-१ बमोजिमको फिल्ड लकवुक आदेश स्वीकृत गराई जानुपर्नेछ ।

**४फिल्ड भिजिडः**सिम्ता गाउँपालिकामा अधिकृतस्तर र सहायकस्तर तथा गाउँपालिकाका सातै वडामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँ पालिकाबाट संचालित विकास योजनाहरुको प्रभावकारी रुपमा संचालन गरी



सिम्ता गाउँपालिका मुद्रण

सम्पन्न गर्न गराउन योजनास्थलमै पुगी आ–आफ्नो पदीय जिम्मेवारी अनुसार ईमान्दारीका साथ समयमैकार्यसम्पन्न गर्नु पर्नेछ ।

## ५ समूहकृत मूल्याँकन गर्नुपर्नेः

१.एक दिन भन्दा बढी अवधिको लागि दफा ३ बमोजिमको फिल्ड लकवुक आदेश स्वीकृत गराउँदाठाउँ-भेग पायक मिल्ने आधारमादफा ३ मा उल्लिखित काममध्ये कुनै एक काम एकैपटक हुन सक्ने गरी समूहीकृत गरी  बनाई  पेश गर्नुपर्नेछ।

२.उपदफा १ बमोजिम एक भन्दा बढी दिनका लागि कर्मचारी खटिनुपर्ने भएमा उक्त क्षेत्रका सम्भव भएसम्म सवै योजनामा कामकाज गर्नुपर्नेछ।

## ५. प्रतिवेदन पेश गर्नुपर्नेः

१. दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटीई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको तीन दिनभित्र तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

२. उपदफा१ बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपश्चात मात्रै अनुसूची-२ बमोजिमको फिल्ड प्रतिवेदन भरी पेश गर्नु पर्नेछ।

## ६. योजनागत फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेः

१. प्राविधिक कर्मचारीले अघिल्लो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गते भित्र अनुसूची-२ को ढाँचामा मासिक फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ।

२. यस कार्यविधि बमोजिम फिल्ड सुविधा दाबी गर्ने कर्मचारीले योजनाको कार्यसम्पन्न भैसकेपश्चात कार्यसम्पन्न प्रतिवेदन साथसाथै प्रत्येक योजनाका लागि फिल्डमा खटिएको योजनागत फिल्ड भ्रमण फाँटवारी अनुसूची-३ को ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ।

३. एक योजनाका लागि सबै चरणमा गरी अधिकतम ६ पटक भन्दा बढीको फिल्ड आदेश लकवुक स्वीकृत गरिपेश गर्न पाइने छैन।

## ७. असुलउपर गरिने :

यस कार्यविधी विपरित बढी फिल्ड सुविधा उपभोग गरेको वा दफा ५ बमोजिमको समयमा प्रतिवेदन पेश नगरेकोवा यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भएबराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

## ८. फिल्ड सुविधा :

१. दफा ५ बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा मासिक भत्तारु ७५००।(सातहजार पाँचसय)र सहायकस्तरको कर्मचारीको हकमा मासिक रु५५००।(पाँच हजार

सिम्ता गाउँपालिका मुद्रित

पाँच सय) बराबरको फिल्डभत्ता उपलब्ध गराईनेछ।दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराउन सकिने छैन ।

२. फिल्ड लकवुक स्वीकृत गराइ विहान र वेलुका योजना निरीक्षण गरेको तर दिउसो कार्यालयमा हाजिर भएका प्राविधिक कर्मचारीलाइ पनिसो दिन फिल्डमा काम गरेको सरह मानिनेछ र एक दिन वरावरको फिल्ड भत्ता उपलब्ध गराइनेछ।

३. प्राविधिक कर्मचारीले आफूले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधि बमोजिम तयारगरी पेश गर्नुपर्ने कार्यविधिहरु **अनुसूची १,२,३को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ।**

४. यसरी उपलब्ध गराइने फिल्ड भत्ताको रकमको सम्पुर्ण श्रोतका रुपमा सिम्तागाउँपालिकाको गाउँसभाबाट पारित भएका योजनाहरुको कन्टिन्जेन्सि वापतको शिर्षकबाट मात्र भुक्तान गरिनेछ ।

**९. असल नियतले गरेका कामको बचाउः**

यस कार्यविधी बमोजिमयोजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्वन्धमा प्राविधिक कर्मचारी, जनप्रतिनिधी वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुनेछैन ।

**१०. प्रचलित कानून वमोजिम हुनेः**

यस कार्यविधीमा भएको व्यवस्थाले प्रचलित कानुन वमोजिम हुने अन्य कार्यलाइ वाधा पुरयाएको मानिने छैन ।

**११. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन समितिको वैठकमार्फत निर्णयका लागि वाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाइने छ ।

**१२. संशोधनः**

यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रहि गाउँकार्यपालिकाको हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः**

गाउँकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१४. वचाउ र खारेजी**

यस भन्दा अगाडी कार्यपालिकाको वैठकवाट निर्णय भइ प्राविधिक कर्मचारीले खाइपाइ आएको फिल्ड भत्ता यसै वमोजिम भए गरेको मानिनेछ ।

सिम्ता गाउँपालिका मुद्रित

अनुसुची १

(दफा ३ सँग सम्बन्धित)

## सिम्ता गाउँ कार्यपालिकाको कार्यालय

राकमसुर्खेत

कर्णाली प्रदेश नेपाल

## प्राविधिक कर्मचारी फिल्ड लकवुक

| सि नं | मिति | नाम | पद | योजनाको नाम | योजना स्थल | फिल्ड जानेको हस्ताक्षर | स्वीकृत गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

तयार गर्ने | प्रमाणित गर्ने

सिम्ता गाउँपालिका सुर्खेत

## अनुसुची २

(दफा ६ को उपदफा १ संग सम्वन्धित)

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
गाउँ कार्यपालिकाको कार्यालय,सिम्तासुर्खेत ।

विषयः **मासिक फिल्ड भ्रमण फाँटवारी ।**

मिति २०८ साल ............. महिनामायस गाउँपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ।

| सि.नं. | फिल्ड भ्रमणगरिएको वडा नं र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| | | | | | | |

**पेश गर्ने**
नामथर
दर्जा
हस्ताक्षर

**सिफारिस गर्ने**
नामथर
दर्जा
हस्ताक्षर

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसंग भिडाई पेश गरेको छु। अन्यथा ठहरे सहुँला/बुझाउँला।

सिम्ता गाउँपालिका मुद्रित

## अनुसूची –३

(दफा ६ को उपदफा २ संग सम्वधित)फिल्ड भ्रमण फाँटवारी

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिम्तागाउँकार्यपालिकाको कार्यालयसुर्खेत।

विषयः **योजनागत फिल्ड भ्रमण फाँटवारी ।**

यस गाउँपालिका अन्तरगतका निम्न योजनामा निम्न मितिमा फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

| सि नं | योजनाको लई तयार गर्न तोकिएको मिति | लई तयार गरी स्वीकृत भएको मिति | अनुगमन/रनिङबिल उद्देश्यले फिल्ड भ्रमण भएको मिति | अनुगमन/रनिङ बिल प्रतिवेदन स्वीकृत भएको मिति | कार्यसम्पन्न उद्देश्यले फिल्ड भ्रमण भएको मिति | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| | | | | | | |

**पेश गर्ने**
नामथर
दर्जा
हस्ताक्षर

**सिफारिस गर्ने**
नामथर
दर्जा
हस्ताक्षर

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसंग भिडाई पेश गरेको छु। अन्यथा ठहरे सहुँला/बुझाउँला।

सिम्ता गाउँपालिका सुर्खेत